मिति २०८२/८/२२ गतेको नगरकार्यपालिका बैठकका प्रस्तावहरु

१. योजना सम्झौताको समयावधि थप सम्बन्धमा ।

२. आर्थिक सहायता सम्बन्धमा ।

३. नीजि जग्गा व्यवस्थापन सम्बन्धमा ।

४. विविध सम्बन्धमा ।

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा उपभोक्ता समितिसँग योजनाको सम्झौता गर्ने समयावधि नगरसभाको निर्णय अनुसार कार्तिक मसान्त सम्म रहेकोमा विविध कारणले उक्त समय भित्र सबै योजनाहरुको सम्झौता हुन नसकेकोले कार्यपालकिाबाट पछी संसोधन र नगर सभाबाट रकम विनियोजन हुने बाहेकका योजनाहरुको सम्झौता अवधी थप गरी सम्बत २०८२ साल पुष १० गते सम्म कायम गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस नगरपालिकाका विभिन्न वडाहरुमा विभिन्न घटना भई आर्थिक समस्या भएका व्यक्तिहरुलाई शितगंगा नगरपालिकाको विपद व्यवस्थापन कोष तथा आर्थिक सहयोग कार्यविधि २०७९ र मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदन्ड पक्षघातका विरामीलाई औषधी उपचार वापत खर्च उपलव्ध गराउने सम्बन्धी कार्यविधि, २०७८ वमोजिम नबाझिने गरी तपशिल अनुसार आर्थिक सहायता उपलव्ध गराउने निर्णय गरियो ।

**तपशिल**

१. शितगंगा नगरपालिका वडा नं. ८ निवासी पुनाराम कामीको श्रीमती बुची कामी क्यान्सर रोग लागेर उपचारको क्रममा रहेको र आर्थिक अवस्था समेत कमजोर भएको भनि वडाको सिफारिस समेतका कागजातहरु पेश भएकोले निजलाई रु २५,०००। आर्थिक सहयोग उपचार खर्च प्रदान गर्ने ।

२. शितगंगा नगरपालिका वडा नं. ११ लुन्ग्री निवासी पवित्रा पुन मगरलाई मेरुदण्ड पक्षघातको समस्या देखिएको र आर्थिक अवस्था कमजोर भएको भनि वडाको सिफारिस समेतका काजताहरु पेश भएकोले निजलाई रु २५,०००। आर्थिक सहयोग उपचार खर्च प्रदान गर्ने ।

३. शितगंगा नगरपालिका वडा नं. ९ निवासी गुमानसिंह खाम्चा आगोमा परी गम्भीर घाईते भई उपचार भई रहेको र आर्थिक अवस्था कमजोर भएको भनि वडाको सिफारिस समेतका कागजातहरु पेश भएकोले निजलाई रु २५,०००। आर्थिक सहयोग उपचार खर्च प्रदान गर्ने ।

४. शितगंगा नगरपालिका वडा नं. १२ घसेनी निवासी चन्द्र बहादुर सुनार लामो समय देखि मृगौला र मुटुमा समस्या भई मेडिकल कलेज भैरहवामा उपचार गराई रहेको र आर्थिक अवस्था कमजोर भएको भनि वडाको सिफारिस समेतका कागजातहरु पेश भएकोले निजलाई रु २५,०००। आर्थिक सहयोग उपचार खर्च प्रदान गर्ने ।

५. शितगंगा नगरपालिका वडा नं. १२ देउराली निवासी रेम बहादुर घ.म. ढाडको समस्या भई मेडिकल कलेज भैरहवामा उपचार भई रहेको र आर्थिक अवस्था कमजोर भएको भनि वडाको सिफारिस समेतका कागजातहरु पेश भएकोले निजलाई रु २५,०००। आर्थिक सहयोग उपचार खर्च प्रदान गर्ने ।

६. शितगंगा नगरपालिका वडा नं. ४ निवासी प्रकाश वि.क पक्षघातको समस्या भई बुटवलमा उपचार भई रहेको र आर्थिक अवस्था कमजोर भएको भनि वडाको सिफारिस समेतका कागजातहरु पेश भएकोले निजलाई रु २५,०००। आर्थिक सहयोग उपचार खर्च प्रदान गर्ने ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा शितगंगा नगरपालिकाको निजी जग्गाको ढुंगा, गिट्टी, वालुवा, माटो आदि उत्खनन संकलन तथा ढुवानी व्यवस्थित गर्ने सम्वन्धी कार्यविधि, २०८१ को दफा (९) बमोजिम जग्गा व्यवस्थापनको लागि पेश गरेका निवेदनकहरुको सन्दर्भमा हाल उक्त अनुसार आवश्यक प्रकृया पुगेका तपशिल बमोजिमका जग्गा धनिहरुलाई सोही कार्यविधिको दफा (१२) बमोजिम निजी जग्गा व्यवस्थापन गर्न दिने र सो कार्य गर्दा निस्कने साधारण निर्माणमुखी पदार्थ (ढुङ्गा, माटो, मिस्कट) ढुवानी गरी अन्यत्र लैजान अनुमती दिने निर्णय गरियो ।

**तपशिल**

(क) शितगंगा नगरपालिका वडा नं. १२ मा कृष्ण बहादुर थापाको नाममा रहेको कित्ता नं. ७६१ को जग्गा व्यवस्थापन गर्न अनुमती दिने ।

(ख) शितगंगा नगरपालिका वडा नं. १३ मा रुद्र प्रसाद अधिकारीको नाममा मुसियानमा रहेको कित्ता नं. ५१ को जग्गा व्यवस्थापन गर्न अनुमती दिने ।

(ग) शितगंगा नगरपालिका वडा नं. ११ मा नारायण प्रसाद आचार्यको नाममा टिक्करीमा रहेको कित्ता नं. ३९ को जग्गा व्यवस्थापन गर्न अनुमती दिने ।

(घ) शितगंगा नगरपालिका वडा नं. ११ मा यार्स एग्रो रिसर्चको नाममा टिक्करीमा रहेको कित्ता नं. ३३ को जग्गा व्यवस्थापन गर्न अनुमती दिने ।

(ङ) शितगंगा नगरपालिका वडा नं. ११ मा पुनिदेवी भुसालको नाममा टिक्करीमा रहेको कित्ता नं. ४३ को जग्गा व्यवस्थापन गर्न अनुमती दिने ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा बैठकमा आएका प्रस्तावहरुका सन्दर्भमा छलफल भई तपशिल बमोजिम गर्ने निर्णय गरियो ।

**तपशिल**

(क) यस नगरपालिकाका वडा नं ११ को ढुङ्गेसेरामा रहेको विद्युत ट्रान्फरमरमा समस्या आई मर्मत सुधारको लागि तौलिहवा लैजाने र ल्याउने समेतको कार्यमा ढुवानी बापत रु ८०००।- खर्च भएकोले उक्त रकम भुक्तानी दिने ।

(ख) शितगंगा नगरपालिका वडा नं. १३ निवासी शिवलाल कामीको घर नजिकै मोटर बाटोमा लडेर मृत्यु भएको र पोष्ट माटमका लागि सिमलपानी देखि पिपरा अस्पताल लैजादा भएको खर्च उपलब्ध गराई दिन भनि वडाबाट सिफारिस भई आएकोले पोष्टमाटमको लागि लैजादा लागेको यातायात खर्च रु १३०००।- निजको श्रीमतीलाई उपलब्ध गराउने ।

(ग) शितगंगा नगरपालिका वडा नं. १३ हिटनटोला सोलार खानेपानी आयोजनाको मोटर पम्पहरु अबरुद्ध भएकोले मोटर पम्प खरिद गरी सञ्चालन गर्नको लागि आवश्यक प्रकृया अगाडि बढाई दिन भनि वडाको सिफारिस सहित निवेदन पेश भएकोमा नगर सभाको निर्णय अनुसार उक्त खानेपानी संचालनको लागि मोटर खरिदमा रु ५० प्रतिशत बरावरको रकम नगरपालिकाले व्यहोर्ने ।

(घ) लैससास कार्यान्वयन समितिमा कार्यापालिकाका सदस्यहरु मध्येबाट कार्यपालिकाले तोक्ने सदस्यमा हेमकला वि.क.लाई तोक्ने ।

(ङ) प्रत्येक स्वास्थ्य संस्थालाई इन्टरनेट जडान तथा संचालन खर्च बापत वार्षिक रु १७०००।- का दरले दिने ।

(च) यस नगरपालिकाका किसानहरुले पशु पंक्षी तथा कृषि उपज उत्पादन गरी नगर बाहिर विक्री निकासी गर्दा नगरपालिकाले कुनै कर असुल नगर्ने नीति अनुरुप आर्थिक ऐनमा करका दरहरु उल्लेख नभएको तर भुलवस जरिवाना उल्लेख हुन गएकोले आर्थिक ऐनको अनुसूची १८ को सि.नं. १८, १९ र २० मा उल्लेख भएको जरीवाना रकम आगामी नगरसभाबाट अनुमोदन हुने गरी हटाउने ।

(छ) नेपाल सरकारले करार कर्मचारी व्यवस्थापन समेतका सन्दर्भमा गरिएको परिपत्रलाई मध्यनजर गर्दै यस नगरपालिकाको विभिन्न स्थानमा रहेका स्वास्थ्य संस्थाहरुमा जनशक्ति व्यवस्थापन तथा संस्थाहरुको पुर्नसंरचना/व्यवस्थापन समेतको विषयमा सामाजिक विकास समितिले अध्ययन गरी प्रतिवेदन पेश गर्ने । उक्त समितिमा सदस्य सचिवको रुपमा रही स्वास्थ्य शाखा प्रमुखले कार्य गर्ने ।

(ज) यस नगरपालिकाको वडा नं. १२ निवासी रेम बहादुर घर्ति मगरलाई मेरुदण्डको समस्या भएको भनि वडाबाट हुइल चियरको लागि सिफारिस भई आएकोले एक थान हुइल चियर उपलब्ध गराउने ।

आजको बैठक सर्वसम्मत निर्णय गर्दै सम्पन्न गरियो ।